NABIL® INVEST

(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza,Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

२०७७/०५/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषयः योजनाको इकाईधनी दर्ता किताब बन्द हुने बारेमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा नविल म्युचुअल फण्ड अन्तर्गत यस कम्पनीको योजना व्यवस्थापक रही संचालनमा रहेको नविल व्यालेन्स्ड फण्ड २ र नविल इक्वीटी फण्डको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्य सम्पन्न भए लगतै यस कम्पनीको मिति २०७७/०५/१० गते दिउँसो २ बजेको संचालक समितिको निर्णयबाट आर्थिक वर्ष २०७६/७७ का लागि नविल व्यालेन्स्ड फण्ड २ का ईकाइधनीहरुलाई कर सहित ९% का दरले हुन आउने रकम रु १०,०८,००,०००/-(अक्षेरुपी दश करोड आठ लाख रुपैयाँ मात्र) र नविल इक्वीटी फण्डका ईकाइधनीहरुलाई कर सहित ६% का दरले हुन आउने रकम रु ७,५०,००,०००/-(अक्षेरुपी सात करोड पचास लाख रुपैयाँ मात्र) प्रतिफल वितरण गर्ने निर्णय भएबमोजिम मिति २०७७ भदौ २५ मा ईकाइधनी दर्ता किताब बन्द हुने व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ।

सो मिति भन्दा अघिल्लो दिन **अर्थात २०७७ भदौ २४** गतेसम्म ईकाइ खरिद गरी नामसारीमा आएका सम्पूर्ण इकाईधनीहरु मात्र माथि उल्लेखित मुनाफा प्राप्त गर्नका लागि योग्य रहने व्यहोरा समेत अनुरोध छ।

साथै मिति २०७७/०५/१८ गते "अभियान" दैनिकमा प्रकाशित गरिने इकाईधनी दर्ता किताब वन्द हुने बारेको सूचनाको नमूना यसै पत्रको साथ संलग्न गरी तहाँको जानकारी तथा अभिलेखका लागि पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

धन्यवाद

भवदीय,

NABIL INVEST NAXAL KATHMANDU

सविर बादे श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**बोधार्थः**
१. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
२. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
३. श्री नविल बैंक लिमिटेड, कोष प्रवर्द्धक
४. श्री कोष सुपरिवेक्षक

# मुनाफा वितरण प्रयोजनको लागि इकाईधनी दर्ता किताब बन्द हुने बारेको सूचना

नबिल बैंक लिमिटेड कोष प्रवर्द्धक रहेको र नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको नबिल म्युचुअल फण्ड अन्तर्गत संचालित **नबिल ब्यालेन्स्ड फण्ड २** ले आर्थिक वर्ष २०७६/७७ को लागि कर सहित ९% का दरले हुन आउने रकम रु. १०,०८,००,०००/- (अक्षेरुपी दश करोड आठ लाख रुपैयाँ मात्र) र **नबिल इक्वीटी फण्ड**ले आर्थिक वर्ष २०७६/७७ को लागि योजनाको इकाईधनीहरुलाई कर सहित ६% का दरले हुन आउने रकम रु.७,५०,००,०००/- (अक्षेरुपी सात करोड पचास लाख रुपैयाँ मात्र) प्रतिफल (मुनाफा) वितरण गर्ने प्रयोजनका लागि मिति २०७७/०५/२५ गते (एक दिन) इकाईधनी दर्ता किताब बन्द गरिने व्यहोरा सम्पूर्ण इकाईधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। इकाईधनी दर्ता किताब बन्द भएको मिति २०७७/०५/२५ गते भन्दा अघिल्लो दिनसम्म अर्थात् २०७७/०५/२४ सम्ममा नेप्से र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधिभित्र रितपुर्वक नामसारी भई कायम भएका इकाईधनीहरु मात्र प्रतिफल प्राप्त गर्नको लागि योग्य हुने हुँदा सम्बन्धित सबै ईकाईधनीहरु तथा खरिदकर्ताहरुले सोही अनुसार इकाई नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं।

**योजना व्यवस्थापक तथा डिपोजिटरीः**


NABIL INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४

Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np


NABIL INVEST
NAXAL
KATHMANDU